श्री आनन्द ज्योति माध्यमिक विद्यालय

SHREE ANANDA JYOTI SECONDARY SCHOOL

पोखरा-३१, बेगनास, कास्की
Pokhara -31, Begnas, Kaski
स्था : २०३६
Estd.: 2036

पत्र संख्या : (Ref. No.): २०८३/०८४ | IEMIS Code: 400220032
चलानी नं : (Disp. No.): २८
मिति : (Date): २०८३।०६।१५

श्री सम्बन्धित सबै

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धमा

प्रस्तुत विषयमा यस श्री आनन्द ज्योति माध्यमिक विद्यालय पोखरा-३१,बेगनास,कास्कीमा निम्न माध्यमिक तह तृतीय श्रेणीको सामाजिक विषयको शिक्षक पद १ रिक्त रहेको हुँदा विद्यालय व्यवस्थापन समितिको मिति २०८३।०६।१५ गते को निर्णय बमोजिम उक्त रिक्त पदमा सरुवा प्रक्रिया बाट पुर्ति गर्नुपर्ने भएकोले सम्बन्धित तह र श्रेणीको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०८३।०६।१५ देखि २०८३।०६।२९ गते सम्म) शिक्षानियमावलीको अनुसुची १७ बमोजिमको ढाँचामा निवेदन दिन शिक्षानियमावली २०५९(दशौं संशोधन २०८३) नियम २५ को सरुवा सम्बन्धी व्यवस्था बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

पेश गर्नुपर्ने कागजातहरु

१.सरुवा का लागि निवेदन
२.नेपाली नागरिताको प्रतिलीपि
३.सेवा अवधि खुल्ने कागजात
४.शैक्षिक योग्यता र तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि
५.हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात
६.स्थायी नियुक्ति पत्रको प्रतिलिपि
७.असाधारण तथा बेतलवी बिदा सम्बन्धी कागजात
८.कार्यरत विद्यालयको सहमती पत्र
९.सम्बन्धित स्थानीय तहको सहमति पत्र
१०. शिक्षानियमावली २०५९(दशौं संशोधन २०८३) को अनुसुची १७ बमोजिमको फारम
११. शिक्षानियमावली २०५९(दशौं संशोधन २०८३) बमोजिमको प्राथमिकता दावी गर्ने प्रमाण र कागजपत्र

उक्त अवधिमा प्राप्त भएका निवेदनहरु शिक्षानियमावली२०५९(दशौं संशोधन २०८३) तथा प्रचलित कानुन बमोजिम मुल्याङ्कन गरि आवश्यक प्रक्रिया अगाडि बढाइने छ। म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही हुने छैन ।

नोट : यस रिक्त दरबन्दीमा जिल्लान्तर सरुवा नहुने जानकारी गराईन्छ ।

बोधार्थ

१.श्री शिक्षा विकास तथा समन्वय एकाई,कास्की(जानकारी तथा वेवसाइटमा यो सुचना प्रकाशित गरिदिनुहुन)
२.श्री पोखरा महानगरपालिका शिक्षा महाशाखा(जानकारी तथा वेवसाइटमा यो सुचना प्रकाशित गरिदिनुहुन)
३.श्री पोखरा महानगरपालिका वडा कार्यलयहरु (जानकारी तथा वेवसाइटमा यो सुचना प्रकाशित गरिदिनुहुन)
४.श्री विद्यालय सुचना अधिकारी (सुचना पाटी तथा फेसबुक पेजका लागि)

थप जानकारीका लागी ९८५६००३०३१, ९८५६०४९४७७
Email anandajyoti2036@gmail.com

शिवसागर अधिकारी
प्रधानाध्यापक